# स्थानीय राजपत्र

खण्ड ६) राजपुर नगरपालिका, माघ २३ गते, २०८० साल (संख्या १

## राजपुर नगरपालिका, राजपुर, रौतहटद्वारा प्रकाशित

## भाग - १

राजपुर नगरपालिका, राजपुर, रौतहट

को सूचना

राजपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड (प्रथम संशोधन) ऐन, २०८०

राजपुर नगर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड (प्रथम संशोधन) ऐन, २०७९ लाई संशोधन गर्न वान्छनीय भएकोले,

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ बमोजिम देहायका बुँदामा संशोधन गरीएको छ ।

खुर्सेद आलम
नि:प्रमुख प्रशासकिय अधिकृत

# ऐनको नाम : राजपुर खानेपानी तथा सरसफाई व्यवस्थापन बोर्ड ऐन, २०७९

## परिच्छेद-४

दफा १५ कार्यकारी निर्देशक/प्रबन्धक पद हुनेछ ।

(१) बोर्डको प्रशासकीय प्रमुखको रुपमा काम गर्न समितिले तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई कार्यकारी निर्देशक/प्रबन्धकको पदमा नियुक्ति गर्नेछ।

(२) कार्यकारी निर्देशक/प्रबन्धकको पदावधि पाँच वर्षको हुनेछ।

## परिच्छेद-७

दफा २६ बमोजिम खाता संचालन

(५) राजपुर खानेपानी तथा सरसफाइ व्यवस्थापन बोर्डको खाता संचालन बोर्डका अध्यक्ष, बोर्डको कार्यकारी समितिले तोकेको एक जना सदस्य र कार्यकारी निर्देशक/प्रवन्धक सहित ३ जनाको संयूक्त दस्तखतबाट खाता संचालन हुनेछ ।

प्रथम प्रमाणित मितिः – २०७९/०५/०५

संशोधन मिति : २०८०/१०/२३

प्रमाणिकिकरण मिति : २०८०/१०/२३

अज्ञाले

खुर्सैद आलम

नि.प्रमुख प्रशासकीय अधिकृत

खुर्सैद आलम

नि:प्रमुख प्रशासकिय अधिकृत